# आर्थिक विधेयक २०७६

**वेनीघाट रोराङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** वेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वेनीघाट रोराङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि वेनीघाट रोराङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि ( २) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर सम्पति कर लगाइएको जग्गामा भूमि कर (मालपोत) लगाइने छैन ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ( ३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **बहाल बिटौरी करः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ( ४) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ( ५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषे ध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ( ६) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्या फ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याशफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (७) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **सडक मर्मत सुधार शुल्क** : गाउपालिकाले अफुले निर्माण गरेको वा अफुलाइ हस्तान्तरण भै आएका सडकहरुमा अनुसूची (८) मा उल्लिखित दरमा सडक मर्मत सुधार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१०. **नक्शापास दस्तुर** : गाउपालिकाले गाउपालिका क्षेत्र भित्र निर्माण भएका तथा निर्माण हुने घरहरुको अभिलेखिकरण तथा नक्शा पास गर्नेछ र सो वापत अनुसूची (९) मा उल्लिखित दरमा नक्शापास दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

११. **सिफारिस दस्तुर** : गाउपालिकाले अनूसूचि (१०) मा उल्लिखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार सिफारिस दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१२. **व्यक्तिगत घटना दर्ता दस्तुर** : गाउपालिकाले व्यक्तिगत घटना दर्ता वापत अनुसूची (११) मा उल्लिखित दरमा व्यक्तिगत घटना दर्ता दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

१३. **अन्य दस्तुर** : गाउपालिकाले अनूसूचि (१२) मा उल्लिखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार अन्य दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

१४. **वातावरण तथा सरसफाइ शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक श्रोतको व्यावसायिक रुपमा उपयोग गरेवापत अनुसूची (१३) मा उल्लिखित दरमा वातावरण तथा सरसफाइ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (१४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

१६. **दहत्तर बहत्तर विक्री शुल्क** : गाउपालिकाको क्षेत्रभित्र संकलन तथा उत्खनन हुने दहत्तर वहत्तरमा अनुसूची (१५) वमोजिम दहत्तर वहत्तर विक्री शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१७. **अन्य** : गाउँपालिकाले माथि लेखिएवाहेक प्रदेश अर्थिक ऐन वमोजिक प्रदेश सरकारले तोकेकै दररेटमा विक्री कर विज्ञापन कर लगायतका कर तथा शुल्कहरु समेत असुल उपर गर्ने छ ।

१८. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१९. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसुचि १

# सम्पत्ति कर

सम्पती कर को मुल्यांकन आधार र दररेट

मुल्याङकनको आधारहरु

**क. जग्गा तर्फ :**

मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास प्रयोजन निमित्त निर्धारण गरेको न्युनतम दररेटलाई न्यूनतम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथि दररेट राखी स्वघोषणा गर्ने करदाताको सोहि घोषित दररेटमा मुल्यांकन गरिनेछ ।

**ख. घर तथा भौतिक संरचना तर्फः-** एकीकृत सम्पत्तिकर निर्धारण प्रयोजनका लागि घर तथा भौतिक संरचनाहरुकको मूल्याङकन दररेट देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मुल्यांकन गरिनेछ ।

| प्रकार | दररेट (प्रतिवर्ग फिट) | ह्रासकट्टी दर प्रतिशत |
|---|---|---|
| आर सि. सि. फेम स्टक्चर | १८००।०० | १ |
| सिमेन्ट जोडाइ इटा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरू : | १५००।०० | २ |
| माटोको जोडाइ इटा वा ढुंगाको गारो आर.सि.सि.छाना भएका घर : | १०००।०० | ३ |
| सिमेन्ट जोडाइ इटा,ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरू : | ८००।०० | २ |
| माटोको जोडाइ इटारढुगा वा ब्लकको गारो जस्ता छाना भएका घर | ४००।०० | ३ |
| सिमेन्ट जोडाइमा इटा वा ढुगाको गारो भइ टायलको छाना भएका घरहरू : | ४००।०० | ३ |
| काठको घर | २००।०० | ५ |

**एकिकृत सम्पति कर**

| क्र.सं. | विवरण | एकीकृत सम्पत्ति कर | |
|---|---|---|---|
| १ | रु. १ देखि ५ लाख सम्म | १०० | एकसय रुपैया मात्र |
| २ | रु. ५ लाख १ देखि ८ लाख सम्म | १५० | एकसय पचास रुपैया मात्र |
| ३ | रु. ८ लाख १ देखि १५ लाख सम्म | २०० | दूई सय रुपैया मात्र |
| ४ | रु. १५ लाख १ देखि २५ लाख सम्म | ३०० | तीन सय रुपैया मात्र |
| ५ | रु. २५ लाख १ देखि ४० लाख सम्म | ४०० | चार सय रुपैया मात्र |
| ६ | रु. ४० लाख १ देखि ६० लाख सम्म | ६०० | छ सय रुपैया मात्र |
| ७ | रु. ६० लाख १ देखि ९० लाख सम्म | ८०० | आठ सय रुपैया मात्र |
| ८ | रु. ९० लाख १ देखि १ करोड ३० लाख सम्म | १२०० | एक हजार दूई सय रुपैया मात्र |
| ९ | रु. १ करोड ३० लाख १ देखि २ करोड सम्म | २००० | दूई हजार रुपैया मात्र |
| १० | रु. २ करोड १ देखि ३ करोड सम्म | ३५०० | तीन हजार पाचसय रुपैया मात्र |
| ११ | रु. ३ करोड १ देखि ४ करोड सम्म | ५५०० | पाच हजार पाच सय रुपैया मात्र |
| १२ | रु. ४ करोड १ देखि ५ करोड सम्म | ८००० | आठ हजार रुपैया मात्र |
| १३ | रु. ५ करोड १ देखि माथि जति भए पनि १ रुपैया प्रति हजारका दरले एकीकृत सम्पत्ति कर लाग्ने | | |

एककृित सम्पत्तिकर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा आप्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरेको कर विवरण अनुसार कर तिरेको भएता पनि सो कुरा पछि जानकारी हुन आएमा लुकाएको सम्पत्ति विवरण पुन समावेश गरि कर तिर्न आएकोमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समाबेश गरि सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ ।

## अनुसूची २
## मालपोत/भूमीकर (प्रति रोपनी)
### (सम्पति कर लागु नहुने जग्गामा मात्र)

| सि. नं. | जग्गाको किसिम | प्रति रोपनी |
|---|---|---|
| १ | उद्योग/फर्मको नाममा भएको जग्गा | ५०० |
| २ | राजमार्ग क्षेत्रका जग्गाहरु | १०० |
| ३. | वडा नं. ३, ५, ७, ९ को पृथ्वी राजमार्ग नजिक कच्चि सडकमा जोडिएको जग्गा | ६० |
| ४ | वडा नं. ३, ५, ७, ९ का राजमार्ग वाट १ कि.मी भन्दा टाढाको कच्चि सडकमा जोडिएको जग्गा | ४० |
| ५ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले छोएका जग्गाहरु | ४० |
| ६ | वडा नं. ३, ५, ७, ९ को सडकमा नजोडिएको जग्गा | ३० |
| ७ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले नछोएका जग्गाहरु | २० |

प्रति रसिद न्यूनतम रु ५०।-

## अनुसूची ३
## घर बहाल कर

गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी कारखाना, आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट वहाल रकमको १० (दश) प्रतिशत वहालकर लिने ।

## अनुसुची ४
## वहाल विरौटी कर

(क) गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु. २ देखि २० सम्म मासिक वहाल विटौरी लिने ।
(ख) वडा नं. ७ वडा कायालय पछाडीको सार्वजनिक जग्गामा घरटहरा वनाईवसेकोमा अगाडी मोहडाको प्रति फिट रु २४०।-

## अनुसची ५
## विज्ञापन कर

१. ग्लो साइनबोर्ड, होडिङ वोर्ड, डिपिएस बोर्ड प्रति व.फि. रु ४०।-

२. वाल पेन्ट विज्ञापन प्रति व.फि. रु ५।-

३. व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा रु ३००।-

४. आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइनवोर्डको कर नलाग्ने ।

## अनुसची ६
## जडिबुटि र जीवजन्तु कर :

१. खोटो- प्रति के.जी. १.५ २. ऊन- प्रति के.जी. १.०, ३. जडीबुटी- प्रति के.जी. १०

## अनुसूची ७
## ट्रेकिङकोयोडिङ क्यानोइङ बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टीङ शुल्क

क) ट्रेकिङकोयोडिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर शुल्क - प्रति व्यक्ति रु २५।-

ख) ऱ्याफ्टीङ शुल्क - प्रति वोट रु १५०

## अनुसुची ८
## सडक मर्मत सुधार शुल्क

गाउँपालिका भित्रका १. मौवाखोला, जवाङ, वासपुर, २. वुद्धमार्ग, ३. हुग्दी रोवाङ, ४, मझिमटार झार्पाङ ऐवाङ, ५.चरौदी स्यादुल, ६. चौकी विदाङ, ७. चरौदी जनगाउ, ८. रिचोकटार इराङ, ९. वेनीघाट वाहुनटार आदामारा सडकहरुमा सञ्चालन हुने निम्न सवारी साधनहरुमा नि

क. ट्याकटर, मिनी ट्रक, मिनि वस आदीमा प्रति ट्रिप रु २००।-

ख.कार, जिप आदीमा प्रति ट्रिप रु १००।-

## अनुसुची ९
## घर नक्सा पास दस्तुर

| सि.नं. | विवरण | प्रति वर्ग फिट |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | रु.५०० |
| २. | पृथ्वी राजमार्गमा जोडिएका घर | रु ५।- |
| ३. | राजमार्ग देखि १ कि.मी सम्म पक्की घर प्रति | रु. ४।- |
| ४ | राजमार्ग देखि १ कि.मी सम्म कच्चि घर प्रति | रु. १।- |
| ५ | राजमार्ग देखि १ कि.मी वाहिर पक्की घर प्रति | रु. २।- |
| ६ | राजमार्ग देखि १ कि.मी वाहिर कच्चि घर प्रति | रु. ०.५ |
| ७ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार | रु. १०००।- |
| ८ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार | रु.१००० |
| ९ | घर नक्सा नामसारी एकाघर पक्कि घर | रु.१०००।- |
| १० | घर नक्सा नामसारी एकाघर कच्चि घर | रु ५०० |
| ११ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | १०००।- |
| १२ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | २००।- |
| २३ | अस्थायी टहरा निर्माणको इजाजत (व्यावसायिक) | १००० |

# अनुसुची १०
# सिफारीस दस्तुर

| सि.नं. | सेवाको किसिम | दस्तुर शुल्क |
|---|---|---|
| १ | घरवाटो साँध सिमाना प्रमाणित | |
| | राजमार्ग क्षेत्र एक कित्ताको | ५००।- |
| | थप प्रति कित्ता | १०० |
| | कच्चि सडकमा जोडिएको जग्गा एक कित्ताको | ३०० |
| | थप प्रति कित्ता | ६० |
| | अन्य क्षेत्र एक कित्ताको | २५० |
| | थप प्रति कित्ता | ५० |
| २ | नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसूची र फाराम | २००।- |
| ३ | जग्गा नामसारी सिफारिस | ३००।- |
| ४ | नाम, थर संशोधन सिफारिस | २००।- |
| ५ | घर कायम (पक्की घर) सिफारिस | |
| | १००० वर्ग फिट सम्म | ५००।- |
| | १००० देखि २००० वर्ग फिट सम्म | १००० ।- |
| | २००० देखि ३००० सम्म | २०००।- |
| | ३००० देखि ४००० सम्म | ४०००।- |
| | सो भन्दा माथि | ६०००।- |
| ६ | घर कायम (कच्ची घर) | २००।- |
| ७ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००।-(थप प्र.रो |
| ८ | विद्युत जडानको सिफारिस दस्तुर | २००।- |
| ९ | टेलिफोन जडान सिफारिस दस्तुर | ३००।- |
| १० | बैदेशिक रोजगारको लागि सिफारिस | ५००।- |
| ११ | परिवार ल्याएको/लगेको सिफारिस | ३००।- |
| १२ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | १०००।- |
| १३ | नाता प्रमाणित दस्तुर | २००।- |
| १४ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००।- |
| १५ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- |
| १६ | नाफामूलक संस्था दर्ता/नविकरण सिफारिस | १०००।- |
| १७ | सेवामूलक संस्था दर्ता/स्वदेशी प्रयोजन | ३००।- |
| १८ | निजी विद्यालय दर्ता/कक्षाथपको सिफारिस | ५००।- |
| १९ | मोही नामसारी सिफारिस | २००।- |
| २० | आयश्रोत प्रमाणित सिफारिस | ५००।- |
| २१ | रुख काट्ने सिफारिस क.) खयर | १०००।- |
| | ख) अन्य काठ | ५००।- |
| २२ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- |
| २३ | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १०००।- |

| | | |
|---|---|---|
| २४ | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | २०००।- |
| २५ | अपुताली सिफारिस | १०००।- |
| २६ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००।- |
| २७ | अंग्रेजीमा सिफारीस | ५००।- |
| २८ | चारकिल्ला प्रमाणितसिफारिस | |
| | राजमार्ग क्षेत्र एक कित्ताको | ५००।- |
| | थप प्रति कित्ता | १०० |
| | कच्चि सडकमा जोडिएको जग्गा एक कित्ताको | ३०० |
| | थप प्रति कित्ता | ६० |
| | अन्य क्षेत्र एक कित्ताको | २५० |
| | थप प्रति कित्ता | ५० |
| २९ | कन्सुलर प्रमाणित | ५००।- |
| ३० | सामाजिक संघ संस्था दर्ता, तथा नविकरण सिफारिस | १०००।- |

## अनुसुची ११

| | | |
|---|---|---|
| १ | व्यक्तिगत घटनादर्ता (जन्म, मृत्यु, विवाह, वसाईसराई, सम्वन्ध विच्छेद) | ३५ दिन सम्म : निशुल्क ३६ दिन देखि पछि रु ५० |

## व्यक्तिगत घटना दर्ता दस्तुर

## अनूसुचि १२

| सि | सेवाको किसिम | | दर (रु.) |
|---|---|---|---|
| १ | पक्का घरको सर्जमिन वापत | | ५००।- |
| २ | अन्य सवै प्रयोजनको सर्जमिन वापत | | ३००।- |
| ३ | अचल सम्पत्ति मूल्याकंन | मुल्याङ्कक | ०.०८ प्रतिशत |
| ४ | रकम कलम उठाई दिएवापत सयकडा | | २।- |
| ५ | निजी विद्यालयको दर्ता सिफारीस शुल्क | मा.वि./ | १००००।- |
| ६ | हरेक निवेदन दर्ता शुल्क प्रतिगोटा | | टिकट टाँस |
| ७ | मिलापत्र शुल्क (दुवै पक्षसँग आधा आधा) | | ५००।- |
| ८ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | | १००।- |
| ९ | टो.वि.स. दर्ता शुल्क/नविकरण | | १००।- |
| १ | स्थलगत प्राबिधिक सेवा शुल्क | | ५००।- |
| ११ | नागरिकता सर्जमिन मुचुल्का शुल्क | | २०० ।- |
| १२ | कृषि/पशुपंछीजन्य व्यवसाय दर्ताको सर्जमिन | | २०० ।- |
| १३ | खानेपानी उपभोक्ता समिति दर्ता/नविकरण | | १०००।- |
| १ | सूचि दर्ता | | १०००।- |

## अन्य दस्तुर

## अनुसुची १३

| सि. नं. | प्राकृतिक श्रोत | प्रति टिपर, दर | प्रति ट्रयाक्टर दर |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | खोला, नदी, तथा प्रति जग्गाको ढुङ्गा, ग्राभेल, वालुवा | २००० | ८०० |
| २ | निजी जग्गाको ढुङ्गा, ग्राभेल, वालुवा | १००० | ४०० |
| ३ | चुनढुङ्गा | १००० | ४०० |
| ४ | व्लक (मलेखु) | १००० | ४०० |

## वातावरण तथा सरसफाई शुल्क

## अनुसची १४
## व्यवसाय कर :

**क**. निम्न व्यावसायमा निम्नानुसार वार्षिक व्यावसाय कर लिइने छ ।

| क.स. | व्यावसायको कुल पूजी | प्राइभेट फर्म | | साझेदारी फर्म | |
|---|---|---|---|---|---|
| | | दर्ता | नविकरण | दर्ता | नविकरण |
| १ | रू १०००००।- सम्म | १५०० | ६०० | १००० | ५०० |
| २ | रू १००००१ देखी ३००००० सम्म | ३००० | १००० | २५०० | ७०० |
| ३ | रू ३००००१ देखी ५००००० समम | ६००० | २००० | ४००० | १००० |
| ४ | रू ५००००१ देखी २०००००० सम्म | १२००० | ३००० | ७५०० | १५०० |
| ५ | रू २०००००१ देखी १०००००००० सम्म | २०००० | ५००० | १०००० | २००० |
| ६ | रू १०००००००१ देखी ५०००००००० सम्म | ३०००० | ८००० | १५००० | ३००० |
| ७ | रू ५०००००००१ देखी माथी | ५०००० | १५००० | २०००० | ४००० |

**ख) जरिवाना:**

व्यावसाय तोकिएको समयमा नविकरण नगरी म्याद पछि नविकरण गर्न आएमा पहिलो ३५ दिन सम्म २० %, ३ महिना सम्म ५० % ६ महिना सम्म दोव्वर ६ महिना भन्दा माथी तेव्वर जरिवाना लाग्नेछ ।

**ग) अन्य उद्योगको दर्ता नविकरण**

| विवरण | दर्ता शुल्क | नविकरण शुल्क (वार्षिक) |
|---|---|---|
| १. फिरफिरे | रु १००,०००।- | रु ३०,०००।- |
| २. क्रशर | रु ३००,०००।- | रु ५०,०००।- |
| ३. खानी सञ्चालन अनुमति शुल्क | रु ५००,०००।- | रु १००,०००।- |
| ४. ग्यास रिफिलिङ उद्योग | रु ५०,०००।- | रु ५०,०००।- |
| ५. निर्माण व्यावसायी इजाजत | रु १०,०००।- | रु ३,०००।- |

बैक, फाईनान्स, वित्तिय सस्थाहरु तथा सहकारी बैक (वार्षिक)

| | |
|---|---|
| क वर्गको बैक वा वित्तिय सस्था | १०००० |
| ख वर्गको बैक वा वित्तिय संस्था | ८००० |
| ग वर्गको बैक वा वित्तिय संस्था | ६००० |
| ३ वर्गको बैक वा वित्तिय संस्था | ५००० |

## अनुसची १४
## दहत्तर वहत्तर शुल्क :

**क**. गाउपालिकामा संकलन तथा उत्खनन हुने ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर वहत्तरमा निम्नानुसार दहत्तर वहत्तर विक्रि शुल्क लिइने छ ।

| सि.नं. | श्रोत | प्रति क्यू फिट दर | |
|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टी, वालुवा दहत्तर वहत्तर | ९।- | |